फोन नं. : ०१-६२०१८१७
ईमेल : ito.bhotekoshimun@gmail.com
वेवसाइट : www.bhotekoshimun.gov.np

भोटेकोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

फुल्पिङकट्टि, सिन्धुपाल्चोक

३ नम्बर प्रदेश, नेपाल

पत्र संख्या : ०७६/०७७
चलानी नं. : 25

मिति : २०७६/०४/१५

भोटेकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय फुल्पिङकट्टि, सिन्धुपाल्चोक ३ नं. प्रदेश नेपाल २०७३

**विषय : जानकारी सम्बन्धमा ।**

श्री सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरु,
भोटेकोशी गाउँपालिका,
फुल्पिङकट्टि, सिन्धुपाल्चोक ।

**भ्रष्टाचार निवारण ऐन २०५९** को दफा ५० को उपदफा (१), **अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८** को दफा ३१ (क) को उपदफा (१), **निजामती सेवा ऐन २०४९** को दफा ५४ **एव निजामती सेवा नियमावली २०५०** को नियम ११८ को उपनियम (१) तथा **स्थानीय सरकार संचालन ऐन, २०७४** को दफा ११० को उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेका सम्पूर्ण जनप्रतिनिधी तथा कर्मचारीहरुले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र आफ्नो सम्पत्ति विवरण बुझाउनु पर्ने व्यवस्था भएको हुदाँ आ.व. २०७५/०७६ को सम्पत्ति विवरण निर्धारित ढाँचाको फारममा भरी प्रत्येकले अलग अलग खाममा बन्द गरी खामबाहिर यसै साथ संलग्न राष्ट्रिय सर्तकता केन्द्रले तोकिएको विवरण भरी जनप्रतिनिधी र स्थानीय तहका कर्मचारीको हकमा यस कार्यालय मार्फत २०७६ साल श्रावण १ गते देखि भाद्र २८ गतेभित्र राष्ट्रिय सर्तकता केन्द्रमा बुझाउनु पर्ने भएकोले भाद्र २० गते भित्र यस कार्यालयमा अनिवार्य रुपमा सम्पत्ति विवरण पेश गर्नुहुन साथै निजामती संकेत नं. भएका कर्मचारीको हकमा सिधै निजामती किताबखानामा दर्ता गराउनुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सम्पत्ति विवरण फारम बुझाउने सम्बन्धी सूचनाको २ प्रति यसैसाथ संलग्न राखिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

............................
मोहन प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत